**गाउँपालिका उपाध्यक्ष ज्यू, प्रमुख प्रशासकीय अधिकृत ज्यू, वडा अध्यक्ष ज्यूहरु, कार्यपालिका सदस्य ज्यूहरु, गाउँसभाका सदस्य ज्यूहरु, राष्ट्रसेवक कर्मचारीहरु, पत्रकार एवं उपस्थित महानुभावहरु ।**

आज यस गाउँपालिकाको गरिमामय नवौं गाउँसभाको ऐतिहासिक घडिमा उपस्थित जनप्रतिनिधीहरु, राष्ट्रसेवक कर्मचारीहरुमा प्रथमत स्वागत गर्न चाहन्छु ।नेपालको इतिहासमा नेपाली जनताले पटक-पटक राष्ट्र, राष्ट्रियता, प्रजातन्त्र र स्वतन्त्रताका लागि वलीदान दिने एवं ज्यान आहुती गर्नुहुने ज्ञात अज्ञात शहिदहरु, कोभिडबाट मृत्यु हुनेहरु प्रति भावपूर्ण श्रद्धान्जली अर्पण गर्दै घाईते, अपाङ्गता भएका सम्पूर्ण योद्धाका टुहुरा एवं वेपत्ता तीनका परिवारजनहरुमा स्मरणका साथ हार्दिक नमन गर्न चाहन्छु ।

**गाउँसभा सदस्यज्यूहरु,**

नेपालको संविधान, २०७२ ले सिर्जना गरेको तीन तहको सरकार मध्ये स्थानीय सरकार प्रत्यक्ष जनतासँग सम्पर्क, सम्वन्ध तथा समन्वय हुने स्थानीय सरकार रहेको हुनाले हामी स्थानीय सरकारका जनप्रतिनिधीहरुमा जनताका गुनासा, जनसरोकारका विषय, असिमिति इच्छा र आकाक्षाहरुका विषयमा सम्वाद हुनु अस्वाभिक होइन । स्थानीय सरकारको ५ बर्षे अवधीको ४ बर्ष पुरा भएकै सन्दर्भमा सवैका इच्छा र आकाक्षा संवोधन हुन नसकिने अवस्था पनि स्वाभिक हो । समुन्नत एवं सम्वृद्ध गाउँपालिका बनाउन गाउँपालिका निर्माणमा आन्दोलको क्रममा संकल्प गरिएको विषय थियो । मलाई लाग्दछ अर्जुनचौपारी गाउँपालिकामा सवै पूर्वाधारहरु निर्माण भएका छन् यस्मा सवै जनप्रतिनिधीहरुले गरेका कार्यप्रति सराना गर्दों हार्दिक कृतज्ञाता प्रकट गर्दछु । यस गाउँपालिकाको आयआर्जनमा प्रमुख रुपमा कृषि नै हो त्यस्का अतिरिक्त पर्यटन विकास एवं कृषिमा मुख्य पशुपालन र तरकारी खेती आम्दानीको श्रोत हुन । हाम्रो भूगोल अनुसार युवा

स्वरोजगार महिला शशक्तिकरणका लागि उद्यम विकास कार्यक्रम संचालन भएका छन् । कृषिमा बाख्रापालन, सुन्तला, तरकारी, आलु, उत्पादनमा पकेटक्षेत्र निर्धारण गरिएका छन् । व्यवसायीक कृषहकरुका लागि विशेष कार्यक्रम तर्जुमा गरिएको छ ।

गाउँपालिकामा संचालन भएका विकास निर्माणका कार्यहरु द्रुत गतिमा चलिरहेको अवस्थामा गत साल कोभिड १९ को प्रभाव नेपालमा पनि पऱ्यो र हामी पनि त्यसबाट प्रभावित हुन पुग्यौं । जनजिवीकाको सवालमा स्वास्थ्य र विपद्बाट सुरक्षित राख्नु पहिलो कार्य रहयो, विकास बजेट पनि स्वास्थ्य र विपद् तर्फ विनियोजन गर्नु परेको सर्वविदितै छ । यस बर्ष पनि दोश्रो चरणको कोभिडका कारण हाम्रा चलिरहेका विकास निर्माणका कार्यहरु स्थगित भएका छन् । जन्तालाई सुरक्षित राख्नु पहिलो दायित्व रहेको छ । यस बर्षको कोभिड-१९ दोस्रो लहर सँगै पालिकाले परिक्षणका लागि पि.सि.आर र एनटिजिन प्रयोग गरिएको छ । आज सम्मको रेकर्ड अनुसार पि.सि.अर र एन्टिजिन स्वाव टेस्ट गर्नेको संख्या ३९३, पोजिटिभ देखिएको संख्या १३० रहेको र वाहाहरुलाई होम आईसुलेसन्सको व्यवस्था गरिएको र सुरक्षित रहन निर्देशन दिईएको छ । कोभिड १९ बाट आज सम्म ९ जनाको मृत्यु भएको छ भने ३२ जना अझै होम आईसुलेसनमा रहनु भएको छ । अक्सीजन सहितको वेडको आईसुलेसन केन्द्र निर्माण गरिएको छ ।

**गाउँसभा सदस्यज्यूहरु ,**

अर्जुनचौपारी गाउँपालिकाको चिनारीका लागि पालिकाको पाश्र्वचित्र तयार गरी मिडियामा प्रशारण भएको छ भने सवै वडाको भौगोलिक, ऐतिहासिक, पर्यटन, शैक्षिक एवं उत्पादन हुने कृषिको बारेमा उल्लेख गरिएको छ । त्यस्मा वडा अध्यक्षज्यूहरुका भनाई प्रस्तुत गर्नुभएको छ ।

त्यसैगरी डहरेदेउरालीको पनि वृतचित्र तयार गरिएको छ । डहरेदेउरालीका अतिरिक्त पालिकामा रहेका धार्मिक, सांस्कृति, पर्यटकीय धरोहरहरुलाई चिनारी गराउने कार्य पाश्र्वचित्रमा समावेश गरिएको छ । यस पालिकामा रहेका मुख्य-मुख्य सडकहरुको डि.पि.आर तयार गरिएको छ र लामडाँडा-तामुघडेरी जोडने रिङ्गरोडको अवधारणा अनुसार सो सडकको पनि डि.पि.आर तयार गरिएको छ । अव सम्वन्धित क्षेत्रसँग समन्वय गर्ने कार्य भइरहको छ । प्रदेश सरकारले पालिका सदरमुकाम सम्म पक्की सडक निर्माण गर्ने गौरवको योजना अन्तरगत हेलु-अर्जुनचौपारी सडक कालोपत्रे गराउन टेण्डर भए सँगै निर्माण कार्य चलिरहेको छ । कोभिडका कारण ढिलाई भएको स्मरण गराउन चाहन्छु । आगामी बर्ष भित्र कालो पत्रे कार्य सम्पन्न हुने छ । त्यसैगरी पालिकाको सदरमुकामबाट सवै वडा र बस्तीहरुमा सडक सञ्जालको पहुँच पुऱ्याउने लक्ष्य अनुरुप सडकलाई महत्व दिइएको छ भने वडा कार्यालय सम्म पहुँच पुऱ्याउन बढी महत्व हुने जरुरी पनि भएका हुँदा सो मुताविक कार्य भइरहेको अवगत गराउन चाहन्छु ।

पालिकाको प्रशासकीय भवन निर्माणका लागि जग्गा व्यवस्थापनमा केही समय लाग्यो र चालुआ.व.को शुरुबाटनै कार्यको थालनी भयो । सरकारी जग्गा पालिकाको नाममा आएपछि भवन निर्माण गर्ने कार्य भयो र निर्माण कार्य चलिरहेको छ । त्यस्तै २,३,४ र ५ मा नयाँ वडा कार्यालय भवनहरु निर्माण भएका र १ र ६ मा हाल पुरानै भवनमा रहेको अजस्थामा वडा नं. ६ मा आगामी बर्षमा नै निर्माण गरिने श्रोतको लागि व्यवस्था भइरहेको छ भने वडा नं. १ को लागि यही सभाहल भएको भवन नै हस्तान्तरण हुने छ ।

यस पालिकाको महत्वपूर्ण गौरबको योजना औद्योगिकग्राम रहेको छ । वडा नं. १ स्थित छयालिस बगरमा औद्योगिकग्राम निर्माणका लागि रिभर टेडिङ, गेट निर्माण फिलिङ्ग कार्य भइरहेको छ । थ्रिफेज विद्युत लाइन

जोडने कार्य भइरहेको छ भने आगामी आ.व. देखि साना-साना उद्योग व्यवसाय संचालन गर्ने लक्ष्य लिइएको छ । ७५३ स्थानीय तहहरु मध्ये औद्योगिकग्राम निर्माणमा सम्भवत हामीनै पहिलो पालिका हुनेछौ । संघीय सरकार प्रदेश सरकारबाट स्थानीय सरकारको गौरवको योजना हुनेछ । अर्जुनचौपारी बजारको फोहरमैला व्यवस्थापनका लागि घट्टेमा फोहरमैला प्रशोधन केन्द्र निर्माण भइसकेको छ आगामी आ.व.बाट कार्यको थालनी हुने छ । त्यसैगरी पालिका स्तरीय खेलमैदान सहेले बगरमा निर्माण भएको छ । आगामी बर्षमा त्यस मैदान घेरावार र गेट निर्माण गरी सुसज्जीत गरिनेछ । प्रत्येक वडामा वडा स्तरीय खेलमैदान निर्माण गर्ने लक्ष्य लिइएको छ । स्थानीय सरकारको निर्माण भए पश्चात गण्डकी प्रदेश सरकारको १ घर १ धाराको नीति अनुसार यस पालिकामा ६ वटै वडामा ५२ योजनाहरु खानेपानीको लागि डि.पि.आर भएको थियो र यस आ.व.मा ६ वटा खानेपानी योजनाहरु संचालनमा रहेका छन् । आगामी आ.व.मा केही संख्या वृद्धि हुने र क्रमशःसवै योजनाहरु कार्यान्वयनमा रहने अवगत गराउँन चाहन्छु ।

अर्जुनचौपारी गाउँपालिका वाड नं. ६ स्थित पर्यटकीय क्षेत्र रहको थाप्लेको गुरुयोजना निर्माणका लागि प्रदेश सरकार पर्यटन मन्त्रालयसँग समन्वय भइरहको छ । थाप्ले वन क्षेत्र भित्र पर्ने भएकोले पालिकाको क्षेत्राधिकार भित्र ल्याउनका लागि जिल्ला वन कार्यालय, वन मन्त्रालय सँग समन्वय भइरहेको छ । घट्टेको पहरो पटक-पटक जे.सी.भी प्रयोग भइरहदा पनि सम्भव नदेखिएकाले विस्फोटक पदार्थद्धारा समेत फुटाउन असहज भएको बावजुद पुनः पहरो फुटाउने प्रयास जारी छ । अव केही समयभित्र व्यवस्थापन हुने व्यहोरा अवगत गराउँन चाहन्छु । कोभिडबाट मृत्यु हुने अर्जुनचौपारी गाउँपालिकाबासीहरुलाइ चालु आर्थिक वर्षमा प्रति मृतक

परिवारलाई दश हजारका दरले राहत प्रदान गर्ने निर्णय गरिएको छ । त्यस्तै चालु आ.व.मा वडा न.१ र वडा न.३ मा स्वास्थ्य सामुदायिक इकाइ स्थापन गरि सन्चालन भइरहेका छन् । सडक स्तरोन्नतीको कार्य भइरहेको छ । यसरी विकासको गतिमा कुदीरहेको अवस्थामा अचानक विश्वमा महामारीको रुपमा फैलिएको कोभिड-१९ (दोस्रो लहर) ले हाम्रो आर्थिक, सामाजिक, शैक्षिक अवस्थामा भौतिक निर्माणको अवस्थामा गतिरोध उत्पन्नभइ मानविय अवस्थामा समेत जटिल समस्या आइपरेकाले दशौं बर्ष पछि पर्नु पर्ने अवस्था रहेको यहाँहरुमा अवगत गराउन चाहन्छु । अहिलेको अवस्थामा पहिलो प्राथमिकता भनेको नागरिकहरुलाई महामारीको रुपमा फैलिएको कोरोना भाईरसबाट बचाउनु रहेको छ भने त्यसपछि मात्र विकास निर्माण गर्न समयले देखाएको छ । हामी अहिले कोभिड-१९ को रोकथाम र सोको व्यवस्थापका लागि जुटीरहेका छौ । आगामी आर्थिक बर्ष हाम्रो लागि चुनौतिपूर्ण रहेको हुनाले हामी जनप्रतिनिधीहरु र कर्मचारीहरु संवेदनशिल भई कम श्रोत र साधनबाट विदेशबाट मातृभूमी फर्किनु भएका दाजुभाई दिदिबहिनीहरुको रोजगार, भोकमरीको समस्या समाधान गर्नुपर्ने महत्वपूर्ण जिम्मेबारी रहेको छ । अर्को तर्फ भईरहेको संरचनाहरु संरक्षण र स्तरोन्नतीका कार्यहरु अघि बढाउन अझ बढी चुनौतिका विषयहरु हाम्रो अगाडी खडा रहने छन । स्थानीय सरकारको सिमित श्रोत र सधानले कोभिड-१९ बाट बच्न बचाउन र पालिकाको सर्वाङ्गीण विकास गर्न कम चुनौतिपूर्ण छैन हामी जनप्रतिनिधीहरु अनुशाशित र संवेदनशिल भई दिगो आर्थिक विकास र सम्वृद्धिका लागि उत्पादनमा जोडदिई कृषिमा आत्मनिर्भर हुनु अवको आवश्यकता रहेको छ ।

**गाउँसभा सदस्यज्यूहरु,**

१. वि.स.२०७६ माघ ९ गते नेपालमा सर्वप्रथम कोभिड-१९ को संक्रमण देखा परेको थियो। सोको जोखिम तथा संक्रमण बढ्दै जाँदा

बि.स.२०७६ चैत्र ११ देखि पूर्ण रुपमा लकडाउन भएपछचात उक्त आ.व. र चालु आ.व. को वर्षै भरि कोभिड को जोखिम तथा संक्रमण रहिरहेकोले चालु आ.व.मा बजेट नीति तथा कार्यक्रम कार्यन्वयन अपेक्षित रुपमा हुन नसकेको अवस्था हो ।

२. नेपाल एकात्मक शासनबाट संघीय शासन व्यवस्थामा रुपान्तरित भएतापनि आर्थिक, प्रशासनिक हिसावले पूर्ण रुपमा संघीय शासनको विधि पद्धती कायम हुन नसक्दा, संघ तथा प्रदेशमा आवश्यकता अनुशासारका कानूनहरु निर्माण तथा व्यवस्थाहरु परिर्वतन हुन नसक्दा, संविधानले व्यवस्था गरेको काम कर्तव्य अधिकारहरु निर्वाध रुपले अभ्यास गर्ने संयन्त्र तथा व्यवस्था भइनसकेको अवस्थाको बावजुद पनि यस गाउँपालिका विधिको शासनमा आधारित पारदर्शी, जवाफदेखि, परिणाममुखि र नागरिकमैत्री शासन व्यवस्था कायम गर्न महत्वपूर्ण हुने कानूनहरु हालसम्म २७ वटा निर्माण भएका छन् र सो क्रम जारीनै रहेको छ ।

३. गाउँपालिकाको विकास नीति तथा योजनालाई मार्ग निर्देशन दिन, विकास र समृद्धिलाई अल्पकालिन मध्यकालीन तथा दीर्घकालिन लक्ष्य समेटी अर्जुनचौपारी गाउँपालिकाको प्रथम पञ्चबर्षिय योजना तर्जुमा गरिएको छ । जसमा स्थानीय तहको दिगो विकासको लक्ष्य,उदेश्य,रणनिति तथा प्रथामिकता तय गरिएको छ ।

४. अर्जुनचौपारीको गौरबको योजना अन्तर्गत रहेका केन्द्रीय सडक योजना सँग जोडने गाउँपालिकाको प्रवेश विन्दु हेलु-अर्जुनचौपारी गाउँपालिका सडक निर्माण कार्य भैरहेको छ । गाउँपालिका देखि वडा नं. ३,४, ५ हुँदै पर्वत जोड्ने सडक निर्माण कार्यको क्रम जारि नै छ । वडा नं. २ तथा ६ अन्तर्गतका गाउँपालिका जोड्ने सडक सुधार तथा स्तरोन्नती भएको छ तथा हुदैछ । अर्जुनचौपारी

गाउँपालिकास्तरीय खेलमैदानको आधार तय भएको छ । ग्रामीण स्तरमा शाखा सडक निर्माण तथा सुधार कार्य भइरहेको छ । सिंचाई कूलो, खानेपानी,सामुदायिक भवन,नालि निर्माण,बिश्रामगृह,समुह सस्कतिकरण,टोल स्तरिय खेलमैदान, गोरेटोबाटो लगायतका कार्यहरु समेत धमाधम भईरहेका छन ।

५. कृषिमा आधुनिकिकरण, व्यवसायीकरण तथा यान्त्रीकरण गर्न हाते टयाक्टर, कम्वाईन मिल,प्लास्टिक टनेल,उन्नत जातका बिउबिजन बितरण, रुख काट्ने मेशिन वितरण गरिएको छ भने युवा उद्यमी व्यवसायीहरुको मनोवल उच्च राख्न व्याज अनुदान प्रदान गरिएको छ । कृषि/पशुहरुको थप विकास गर्नका लागि पशु रोगको उपचार तथा औषधी वितरण लगायत घरदैलो सेवा समेत प्रदान गरिएको छ ।

६. वडा न.४ राम्चेमा एकिकृत बस्ती निर्माणको कार्य अन्तिम चरणमा रहेको छ ।

७. विभिन्न समयमा जनताको आवश्यकता तथा मागलाई मध्यनजर गरि विभिन्न चरणमा जनचेतना कार्यक्रम तथा एकिकृत स्वास्थ्य शिविरहरु संचालन गरिएको छ । आयुर्वेदका नियमित कार्यक्रमहरु संचालन गरिएका छन् । अर्जुनचौपारी गाउँपालिका स्थित वडा नं. २ र ५ स्वास्थ्य चौकिमा ल्याव संचालनमा ल्याईएको छ र दुबै स्वास्थ्य चौकीमा बर्थीङ् सेन्टरको मापदण्ड पुरा गरि चौविसै घण्टा सेवा प्रदान गरिएको छ । साथै गाउँपालिकाबाट चौविसै घण्टा सस्तो तथा सुलभ दरमा एम्बुलेन्स सेवा प्रदान गरिएको छ भने कोभिडसंक्रमितको लागि निशुल्क सेवा प्रदान गरिएको छ ।

८. शैक्षिक गुणस्तरलाई सुर्धान प्रविधिको उपयोग, भौतिक पूर्वाधार विकास तथा मर्मत सुधारमा जोड दिईएको छ ।

९. स्थानीय तहमा न्यायिक निरुपणको अभ्यासलाई संस्थागत गर्न न्यायिक समिति समक्ष आउने गुनासो तथा उजुरीलाई तदारुकताका साथ हल गरिएको छ । विशेष गरि आपसी छलफल तथा मेलमिलापको माध्यमबाट समस्या समाधान केन्द्रीत गरिएको छ । वडामा सूचिकृत मेलमिलापकर्ताबाट समस्या समाधन गर्ने अभ्यास अवलम्बन गरिएको छ ।

१०. स्थानीय पूर्वाधार विकास अन्तर्गतका सम्पूर्ण योजनाहरु सम्पन्न हुने अन्तिम चरणमा रहेको छन् ।

११. गाउँपालिका भित्रका ऐतिहासिक तथा धार्मिक पुरातात्वीक वस्तु, कला, संस्कृतिको संरक्षण तथा पर्यटन प्रवर्द्धन गर्न भिडीयो तथा अडियो मार्फत प्रचार प्रसार गरिएको छ ।गाउँपालिकामा होमस्टेको सन्चालन तथा प्रवर्द्धनमा जोड दिईएको छ ।

१२. ढुंगा, गिट्टी, वालुवा, माटो आदी प्राकृतिक एवं नदिजन्य पदार्थहरुको विक्रि तथा निकासि शुल्क दस्तुर संकलन गर्न गाउँपापलिका क्षेत्रभित्रको दरौंखोला बगरमा आय ठेक्का मार्फत स्थानीय कर संकलन भएको छ ।

१३. सवै वडाहरुबाट जेष्ठ नागरिक तथा अपाङ्ग परिचयपत्र वितरण कार्यलाई निरन्तरता दिईएको छ ।

१४. गाउँपालिकाभित्र विगत देखि संचालित क्रमागत योजनाहरुलाई आगामी आर्थिक बर्ष पनि निरन्तरता दिईनेछ ।

**अब म आगामी आ.वको बार्षिक निति तथा कार्यक्रम प्रस्तुत गर्दछु ।**
**गाउँसभा सदस्य ज्यूहरु-**

**आर्थिक विकास :**

१."**अर्जुनचौपारीको निशान व्यवसायिक किसान**" भन्ने मुल नाराका साथ कृषि उपज तथा कृषिजन्य उत्पादनमा आत्मनिर्भताका लागि उद्यमशिलताको प्रवर्द्धन गर्न मल, विउ, किटनाशक औषधीको उपलव्धता, उत्पादीत वस्तुको भण्डारण तथा प्रशोधन र बजार व्यवस्थामा सहजिकरण गर्न र संचाई सुविधा प्रवर्द्धन गर्न आवश्यक बजेटको व्यवस्था गरिनेछ ।

२. किसानको लागत मूल्य प्राप्तीको सुनिश्चितताको लागि प्रोत्साहीत गर्न नीतिगत तथा कार्यक्रमगत व्यवस्था गरिनेछ ।

३. यस गा.पा.भित्र रहेका बाझो जग्गाहरुको एकिकृत तथ्याङ्क संकलन गरी सो कार्यको पूर्ण उपयोगको व्यवस्था मिलाउन भूमि बैंकको अवधारणा कार्यान्वयन गर्न सहजिकरण गरिनेछ । यस्तो कार्य लाई प्रोत्साहन गर्न कर सहुलियत तथा अनुदान लगायतका व्यवस्था गरिनेछ

४.यस गा.पा.भित्र कच्चा पदार्थमा आधारित लघु तथा घरेलु उद्यमहरुको प्रर्वद्धन गर्न सीपमूलक तालिमको व्यवस्था गरि उत्पादित बस्तुहरुको बजारीकरणको सुनिश्चितता प्रदान गर्न सहयोग पुग्ने गरी कार्यक्रम तथा बजेट व्यवस्था गरिनेछ ।

५.विदेशबाट फर्किएका तथा रोजगारीको खोजिमा रहेका व्यक्तिमा रहेको सीपको विवरण समेत रोजगार सूचना केन्द्रमा अद्यावधिक गरि त्यस्तो जनशक्तिलाई यस गा.पा. भित्र उपलव्ध हुने निर्माण, सेवा व्यवसाय, उद्योग, कृषि लगायतका क्षेत्रका रोजगारदाताहरु सँग समन्वय गरि रोजगार प्रवद्र्धन गर्ने व्यवस्था मिलाईनेछ ।

६.कृषकहरुबाट उत्पादीत कृषिजन्य उपजको बजार व्यवस्थापनका लागि गाउँपालिकाको केन्द्रमा कृषि उपज संकलन केन्द्र स्थापना गरिनेछ ।

७. "**स्वस्थ आहार स्वस्थ वानी जैविक कृषिमा लगानी**" भन्ने मूल नाराका साथ विषादीको प्रयोगलाई निरुत्साहित गरि अर्गानिक खेतिको विस्तारमा जोड

दिइनेछ । होमस्टेमा पूर्णतः अर्गानिक खाना उपलव्ध हुने वातावरण तयार गरि आन्तरिक तथा बाह्य पर्यटन प्रवर्द्धनमा जोड दिईनेछ ।

८. दुग्धजन्य पदार्थ र मासुजन्य पदार्थमा आत्मनिर्भर हुन तथा जैविक कृषिलाई प्रोत्साहन गर्नका लागि बाच्छा, बाच्छी, पाडा पाडी हुर्काउने कृषकहरुलाई प्रोत्साहन गरिनेछ । साथै दुग्द कृषकहरुलाइ दुधमा अनुदानको व्यवस्था मिलाइनेछ ।

९. संकटको अवस्थामा गरिव तथा मजदुर वर्गहरुलाई सहज रुपले खाद्यान्न उपलब्ध गराउन आवश्यकता हेरी खाध्य बैंक स्थापना गर्न खाध्य शुरक्षा कोषको स्थापना गरिनेछ ।

१०. खोलाहरुबाट खेतियोग्य जमिनको संरक्षण गरि खेतियोग्य जमिनमा बाहै महिना सिंचाईको व्यवस्थाको लागि सिंचाई योजनको स्तरोन्नती, मर्मत संभार, नयाँ योजनाको विकास र प्रभावकारी व्यवस्थापना जोड दिइनेछ ।

११. पशु रोग नियन्त्रणका लागि बृहत खोप कार्यक्रम संचालन गरि पशुको पूर्ण खोपयुक्त पालिका घोषणा गर्न आवश्यक तयारी गर्दै लगिनेछ ।

१२. एक सहकारी एक उत्पादन कार्यक्रमलाई जोड दिइनेछ । प्रत्यक नागरिकलाइ सहकारीमा आवद् गरिनेछ । गरिब, विपन्न, सिमान्तकृत तथा अपाङ्गता भएका व्यक्ति ,महिला र सहकारी संस्थालाई लक्षीत गरि विशेष कार्यक्रम संचालन गरिनेछ । सहकारी संस्थाको नियमित अनुगमन र नियमन गरि संस्थागत शुसासन कायम गरिनेछ ।

१३. गरिब निवारणका लागि लघु उद्यम विकास कार्यक्रम र लघु, घरेलु तथा साना उधोग क्षमता अभिवृद्धि कार्यक्रम संचालन गरिनेछ । परम्परागत सीप, प्रविधि र स्थानीय कच्चा पदार्थमा आधारित उद्योगको प्रर्वद्धन गरिनेछ ।

१४. युवा, दलित, महिला, श्रमिक, साना किसान, असहाय तथा अपाङ्ता भएका व्यक्ति, गरिब तथा विपन्न सिमान्तकृत, अल्पसंख्यक र पिछडिएको

वर्ग तथा क्षेत्रको उद्यमशिलता विकासका लागि व्यवसायिक, सीपमूलक र रोजगारमूलक तालिम कार्यक्रम संचालन गरिनेछ ।

१५. कालोबजारी, एकाधिकार, सिन्डीकेट तथा कार्टेलिङ् अन्त्य गर्न गुणस्तरिय र नियमित आपूर्ति गर्न अन्य कार्यालय सँगको समन्वयमा बजार अनुगमनलाई थप प्रभावकारी गराईनेछ ।

१६. उपभोक्ता हक हित प्रर्वद्धन गर्न उपभोक्ता सचेतना कार्यक्रम संचालन गरिनेछ ।

१७. यूवालाई असल र जिम्मेबार नागरिक बनाउन नैतिक शिक्षा, लागूपदार्थ दुर्व्यसन निराकरण जस्ता कार्यक्रमहरु संचालन गरिनेछ ।

१८. उन्नत जातका गाई, भैंसी, बाख्रा लगायतका पशुपंक्षीहरुको उत्पादन तथा वितरण प्रवर्द्धन गर्न कार्यक्रम संचालन गरिनेछ ।

१९. पशुको सन्तुलित आहारको व्यवस्थापनमा जोड दिदै दुध तथा मासुजन्य उत्पादनमा उल्लेख्य बृद्धि गर्न खेतवारीका डीलकान्ला तथा खेर गईरहेको खाली जग्गा र सार्वजनिक जग्गाहरुमा समेत बाह्रै महिना पुग्ने गरि डाले तथा भुईघाँस लगाउने अभियान सुचारु गरिनेछ । साथै बाख्रापालनको पकेट क्षेत्र बनाउन सरोकारवाला निकायहरु सँग समन्वय गरी अगाडी बढाईनेछ ।

२०. कुखुरापालन, माछापालन, भैसीपालन, बाख्रापालन,बंगुरपालनतर्फ कृषकको क्षमता अभिवृद्धि गर्न तालिम प्रदान गरिनेछ ।

२१. स्थानीय जातका पशुपन्क्षिको संरक्षण तथा सम्वद्र्धन गर्ने नीति अवलम्वन गरिनेछ ।

२२. एक गाउँ एक उत्पादन कार्यलाइ यसै आगामि आ.व देखि सुरवात गरिनेछ । गाउँपालिकालाई आलु उत्पादनमा आत्मनिर्भर गराइनेछ ।

२३. हाइटेक नर्सीरिको स्थापना तथा विकास गरिदैं लगिने छ ।

२४. कृषि बालिहरुमा लाग्ने रोगहरुको वास्तविक पहिचानका लागि प्लान्ट क्लिनिक सन्चालन गरिनेछ ।

२५. माटो परिक्षण कार्यक्रमलाई व्यापक रुपमा सन्चालन गरिनेछ ।

२६. उत्कृष्ट नमुना किसानलाई प्रोत्साहन तथा पुरस्कारको व्यवस्था गरिनेछ ।

२७. पशु बिमा कार्यक्रमलाई व्यापक रुपमा सन्चालन गरिनेछ ।

२८. गाउँपालिकाको केन्द्रमा नमुना कृषि नर्सरी सन्चालन गरिनेछ ।

**कोभिड १९ बाट सिर्जीत संकट व्यवस्थापन सम्वन्धमा :**
**"आफू पनि बाचौं अरुलाई पनि वचाऔं,स्वास्थ्य मापदण्ड पालना गरौं"**

२९. आर्थिक रुपले अति विपन्न श्रमिक तथा मजदुरलाई रोजगारी उपलव्ध गराउन श्रममुलक प्रविधिको प्रयोग गरि कार्यान्वयन गरिने आयोजनाहरु छनौटमा जोड दिईनेछ ।

३०. संक्रमणको जोखिम कायम रहदाँसम्म अशक्त, असहाय एवं आर्थिक रुपले विपन्न गर्भवती महिला, जेष्ठ नागरिक एवं अपाङ् ता भएका व्यक्तिहरुलाई लक्षित कार्यक्रम संचालन गरिनेछ ।

३१. कोभिड १९ मा गा.पा. भित्र खटिने स्वास्थ्यकर्मी तथा जनप्रतिनिधीलाई स्वास्थ्य सुरक्षा सामाग्री (मास्क, पञ्जा, सेनिटाइजर, पिपिई) हरुको अभाव नहुने गरि बजेट व्यवस्था गरिनेछ ।

३२. कोभिड संक्रमणको भएका नागरिकहरुलाई नेपाल सरकारले तोकेको मापदण्ड बमोजिमको आइसोलेसनमा राख्ने व्यवस्था मिलाउन आवश्यक बजेट व्यवस्थापन गरिनेछ । यसका लागि आवश्यकता अनुसार छिमेकी पालिकाहरुसँग समेत समन्वय र सहकार्य गरिनेछ ।

३३. कोभिड १९ को संक्रमण रोकथाम तथा नियन्त्रणको लागि क्षमता विकास तथा जनचेतनामूलक कार्यक्रमको लागि आवश्यक बजेटको व्यवस्था गरिनेछ ।

३४. एम्बुलेन्स सेवालाई २४ सैघण्टा संचालन हुने गरी तयारी अवस्थामा राख्न आवश्यक बजेट व्यवस्था मिलाईनेछ ।

३५. कोभड १९ का कारण विद्यार्थी, गर्भवती महिला, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, डिप्रेशनमा रहेका व्यक्ति, मनोसामाजिक परामर्श आवश्यक पर्ने व्यक्तिहरुलाई मनोपरामर्श सेवा उपलव्ध गराउने कार्यक्रम संचालन गर्न आवश्यक बजेट व्यवस्था गरिनेछ ।

३६. कोभिड-१९ संक्रमण रोकथामका लागि प्रत्येक नागरिकलाई खोप सुनिश्चित गर्न प्रदेश तथा संघ सरकारसंग आवश्यक समन्वय गरिनेछ ।

३७. कोभिड-१९ अस्थायि अस्पतालमा अक्सिजन कन्सनटेटर व्यवस्थापन तथा आवश्यक औषधिको व्यवस्था मिलाइनेछ ।

३८. कोभिड-१९ को रोकथामका लागि प्रत्यक टोलटोलमा व्यापक एन्टिजिन परिक्षण तथा जनचेतनामूलक कार्यक्रम सन्चालन गरिनेछ ।

३९. कोभिड-१९ बाट अभिभावकको मृत्यु भएका गरिव बालबालिकाहरुलाइ कक्षा १२ सम्म नि:शुल्क पढ्ने व्यवस्था मिलाइनेछ।

४०. अति विपन्न परिवारका सदस्यहरुलाइ कोभिड-१९ को कारण मृत्यु भएमा रु.२५,०००(अक्षररुपी रु.पचिस हजार) प्रदान गरिनेछ ।

४१. कोभिड-१९ बाट संक्रमित भै मृत्यु भएका जनप्रतिनिधि तथा कर्मचारीहरुलाई अवस्था हेरी उचित सहयोग गरिनेछ ।

**सामाजिक क्षेत्र :**

४२. खोप, सुरक्षित मातृत्व, प्रजनन स्वास्थ्य, पोषण जस्ता जनस्वास्थ्य सँग सम्वन्धीत आधारभूत सेवा सुविधालाई प्रभावकारी बनाउन र उपचारात्मक

सेवाका लागि आवश्यक औषधी, उपकरण तथा स्वास्थ्य सामाग्रीको लागि आवश्यक बजेट व्यवस्था गरिनेछ साथै दरौं स्वास्थ्य चौकीमा स्वास्थ्य प्रयोगशाला स्थापना गरिनेछ ।

४३. विद्यालय बन्द रहेको अवस्थामा नेपाल सरकारले तोकेको सुरक्षा मापदण्ड बमोजिम बैकल्पीक विधिहरुको प्रयोग गरि पठनपाठनलाई नियमित गर्न आवश्यक पर्ने पूर्वाधार निर्माण, खानेपानी, शौचालय तथा सरसफाईको प्रवन्ध गर्न आवश्यक बजेट व्यवस्था गरिनेछ ।

४४. सामाजिक दुरी कायम गरी विद्यालय संचालन गर्न नेपाल सरकारबाट निर्णय भएको अवस्थामा स्वास्थ्य सम्वन्धी मापदण्ड पालना गरी पठन पाठनलाई नियमित गर्न आवश्यक पर्ने पूर्वाधार निर्माण खानेपानी, शौचालय तथा सरसफाईको प्रवन्ध गर्न आवश्यक बजेट व्यवस्था गरिनेछ ।

४५. यस गाउँपालिका भित्र मा.वि. र आधारभुत विद्यालय गरी जम्मा ३१ वटा विद्यालय रहेकोमा कतिपय विद्यालयमा विद्यार्थि शिक्षकको अनुपात घटी वढी भएको अवस्था विद्यमान छ । सो अवस्थामा विद्यार्थी र शिक्षकको अनुपात मिलाइ शिक्षक दरबन्दी मिलानमा जोड दिइनेछ । साथै विद्यार्थी कमी भएका आधारभूत विद्यालयलाई सम्वन्धीत पक्षसँग समन्वय गरी मर्च गर्न अवश्यक देखिएमा मर्च गर्न पहल गरिनेछ ।

४६. यस गाउँपालिकामा स्नातक स्तरको क्याम्पसको उचित व्यवस्थापन गरी प्राबिधिक बिषयको क्याम्पस सञ्चालनको लागी प्राथमिकता दिईनेछ ।

४७. अघिल्ला बर्षहरुबाट सवै विद्यालयहरुमा अंग्रेजी माध्यमबाट भएको पढाई सञ्चालनलाई आगामी बर्षमा समेत निरन्तरता दिईनेछ ।साथै गरिव विद्यार्थिहरुलाइ निशुल्क पाठ्यपुस्तकको व्यवस्था मिलाइनेछ ।

४८. शिक्षकहरुलाई समय सापेक्ष र नविनतम सिकाईका विधिहरु बारे जानकारी गराउन विषयगत तालिम र प्रशिक्षणको व्यवस्था गरी

शिक्षकहरुलाई उच्च मनोबलका साथ काम गर्ने वातावरण निर्माण गरिनेछ ।

४९. सस्थागत विद्यालय र सामुदायिक विद्यालयको दुरी कम गर्दै लगिनेछ ।

५०. संस्थागत विद्यालयहरुले अनिवार्य रुपमा प्रदान गर्नुपर्ने १० प्रतिशत छात्रवृत्ति कडाइका साथ पालना गर्न लगाइनेछ ।

५१. प्रत्येक विद्यालयमा वालक्लव गठन गरिनेछ ।

५२. आगामि आ.वा. देखि शिक्षक डायरि कार्यक्रम लागु गरिनेछ ।

५३. अध्यक्षसंग वालवालिका कार्यक्रम सन्चालन गरिनेछ ।

५४. विद्यालयमा जंकफुड पूर्ण रुपमा बन्देज लगाइनेछ ।

५५. साक्षरता कार्यक्रम अभिभावक संग संचालन गरिनेछ ।

५६. शिक्षा शाखा र विद्यालय व्यवस्थापन बीच छलफल गोष्ठि संचालन गरिनेछ ।

५७. नेपाल स्काउट पालिका स्तरीय कार्यक्रम संचालन गरिनेछ ।

**वातावरण तथा विपद् व्यवस्थापन :**

५८. कोभिड १९ बाहेकका विपदहरुको रोकथाम तथा न्यूनिकरणको लागि पूर्व तयारी, प्रतिकार्य र पुर्नःलाभका कार्यक्रम संचालन गर्न स्थानीय विपद् व्यवस्थापन कोषमा आवश्यक बजेट व्यवस्था गरिनेछ ।

५९. पूर्वाधार विकासका कार्यक्रमहरु संचालन गर्दा विपद् जोखिम सम्वेदनशिलतालाई केन्द्र विन्दुमा राखि कार्यान्वयन गर्न सघाउ पुग्ने गरी डिजाईन तथा स्टमेट गर्ने व्यवस्था मिलाईनेछ ।

६०. स्थानीय स्तरमा विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना, पूर्व सुचना प्रणाली, खोज तथा उद्धार, राहत सामग्रीको पूर्व भण्डारण, स्थानीय तटवन्ध,

नदी र पहिरोको नियन्त्रण, विपद जोखिम क्षेत्रको नक्सांकन तथा वस्तीहरुको पहिचान र स्थानान्तरण गरिनेछ ।

६१. विपद् व्यवस्थापनका लागि वडा-वडामा विपद् व्यवस्थापन समितिलाई परिचालन गरिनेछ विपद् व्यवस्थापन कोष निर्माण गरी कार्यविधि अनुसार संचालन गरिनेछ ।

६२. विपद व्यवस्थापन समितिलाई आवश्यक तालिम प्रदान गरिनेछ ।

**खानेपानी तथा सरसफाइ**

**"सबै चिजको दवाइ स्वच्छ खानेपानी र सरसफाई"**

६३. खानेपानी आयोजनाहरुमा अपनत्व बोध गराउन खानेपानी आयोजनाहरुमा अनिबार्य मर्मत संभार कोष स्थापना गरिने छ । बाक्लो बस्ती र बजार क्षेत्री भित्र प्रयाप्त पानि पुर्याउनका लागि अनिवार्य पानि महशुलको शुरुवात गर्न पहल गरिनेछ ।

६४. स्वच्छ पिउने पानी लाई उच्च प्रथामिकता राखी भएका स्रोतहरुको अधिकतम प्रयोग र समानुपातिक बितरणमा जोड दिई श्रोतको अनुपातमा धाराको अवधारणा लागु गरिनेछ । यसरी प्राकृतिक मुलहरुबाट समेत खानेपानी समस्याको समाधान हुन नसक्ने बस्तिहरुका लागि लिफ्टिङ्गका माध्यम बाट खानेपानीको व्यवस्था गर्ने अवधारणा लागू गरिनेछ ।

६५. अर्जुनचौपारी गाउँपालिका भित्रको फोहरमैला व्यवस्थापनलाई दिगो र प्रभावकारी बनाउन गाउँ बस्तीबाट टाढा रहेको घट्टेमा व्यवस्थित ल्याण्डफिल साइट निर्माणलाई पूर्णता दिईनेछ ।

६६. गाउँपालिकाको पर्यटकीय क्षेत्रहरुमा सार्वजनिक शौचालय र खानेपानीको सुविधा पुर्याउन पहल गरिनेछ ।

६७. सबै वडाहरुलाइ यसै बर्ष देखि क्रमसःपुर्ण सरसफाईयुक्त वडाहरु घोषणाका लागि प्रारुप तयार गर्दै वातारण मैत्री वडा, पुर्ण सरसफाइ युक्त वडा, सफा बस्ती, कार्यक्रमहरु अवलम्वन गर्दै सफाघर प्रमाण पत्र प्रदान गरि स्वच्छता प्रबर्दनमा जोड दिइने छ ।

६८. वातावरण मैत्री गाउपालिका निर्माणमा जोड दिदै प्लाष्टिक निषेध अभियान र खादा निषेध अभियानलाई निरन्तरता दिईनेछ ।

६९. एक घर एक चर्पि कार्यक्रम अनुरुप हरेक घरमा सफा चर्पी निर्माण मा जोड दिइ पानी जन्य सरुवा रोग नियन्त्रणका लागि आवश्यक चेतनाका कार्यक्रम अगाडी बढाइने छ ।

७०. फोहर बाट मोहर" भन्ने नारालाई मध्यनजर गर्दै घरवाटै फोहरलाई तिन तहमा विभाजन गरी प्लाष्टिक जन्य वस्तुहरु तथा कवाडी सामानको विक्री गर्ने, कुहिने फोहरबाट कम्पोष्ट मलको लागि प्रयोग गरिने र पुन प्रयोगमा नआउने बस्तुहरु मात्र डम्पिङ साईडमा पठाइने व्यवस्था अविलम्ब गरिने छ । यसको प्रभावकारी कार्यान्वयनको लागि साझेदार संघ सस्थाहरुको पहिचान गरि सहकार्यमा सम्बन्धि उद्योगको विकासमा टेवा पुर्याउने ।

७१. खानेपानिका मुलहरुको संरक्षण गर्ने निति अवलम्बन गरिनेछ ।

**सुशासन तथा संस्थागत विकास सम्वन्धी :**

"विकासको चरण, सुशासन र संस्थागत सवलिकरण"

७२. कार्यपालिकाको कार्यालय, वडा कार्यालय तथा विषयगत शाखा वा ईकाईको सेवा प्रवाहलाई सम्भव भए सम्म सूचना प्रविधिमैत्री बनाउन आवश्यक बजेट व्यवस्था गरिनेछ ।

७३. सेवा प्रवाहको लागि आवश्यक पर्ने न्यूनतम प्रशासनीक खर्चको लागि बजेट विनियोजन गरी प्रशासनिक संरचना र कार्यहरुलाई मितव्ययी बनाउन अनुत्पादक खर्चहरु कटैती गर्ने नीति अवलम्वन गरिनेछ ।

७४. कोभिड १९ का कारण उत्पन्न असहज परिस्थितीको सामना गर्न तत्कालिन आवश्यकता पहिचान तथा प्राथमिकतामा परेका कृयाकलापहरु कार्यान्वयन गर्न टोल बिकास समिति,बिभिन्न समूहरु, निजी क्षेत्र, स्थानीय तहका कार्यरत गै.स.स., सहकारी संस्था तथा स्थानीय सामुदयिक संस्थाहरुलाई परिपुरक भुमिकामा परिचालन गर्ने नीति लिईनेछ ।

७५. जनताबाट निर्वाचित जनप्रतिनिधिहरु जनताप्रति उत्तरदायि हुनुपर्ने भएकाले हेलो अर्जुनचौपारी सरकार कार्यान्वयनमा ल्याउन पहल गरिनेछ ।

७६. गाउँपालिकाका सबै कार्यालयहरु लाई इन्टरनेटका माध्यमवाट **Networking** गर्दै **E Governance** सेवा सबै वडाहरु, स्वास्थ्य चौकी, माध्यामिक विद्यालयहरुको इन्टरनेट सेवा र ई-हाजीरिलाई थप प्रभावकारी गराईनेछ ।

७७. गाउँपालिका भित्र भ्रष्टाचारमा शुन्य सहनशीलता नीति लिईनेछ । उच्च कार्यसम्पादन गर्ने कर्मचारीहरुलाई पुरस्कारको व्यवस्था गरिनेछ ।

७८. सार्बजनिक सेवा प्रवाहमा मितव्ययी, प्रभावकारी ढंङ्गले कार्य सम्पादन गर्न कर्मचारीहरुको क्षमता अभिवृद्धि र सशक्तिकरण गर्ने कार्यलाई प्राथमिकता दिईनेछ ।

७९. सार्वजनिक खर्चको वित्तीय जवाफदेहिता सुनिश्चित गर्दे आन्तरीक खर्चलाई चुस्त बनाईनेछ र कार्यालयवाट हुने सवै भुक्तानी बैक मार्फत हुने व्यवस्था मिलाइनेछ । त्यसै गरी गाउँपालिका अध्यक्षले वडाध्यक्ष सँग र प्रमुख प्रशासकीय अधिकृतले शाखा प्रमुख सँग मापन योग्य

सूचकहरुसहित कार्यसम्पादन सम्झौता गरी सन्वन्धित पदाधिकारीहरुलाई नतिजा प्रति थप जवाफदेही बनाईनेछ ।

८०. योजनाहरुको संचालनका लागि गठित उपभोक्ता समिति लाइ अभिमुखिकरण गरिनेछ ।साथै योजना सम्झौता सम्भव भएसम्म वडा कार्यालयहरुबाट गर्न आवश्यक व्यवस्था मिलाइनेछ ।

८१. जनप्रतिनिधिहरुको आगामी आ.व.सम्म गरेका कार्यहरुको स्वेतपत्र प्रकाशन गरिनेछ ।

८२. गाउँपालिकामा स्विकृत दरबन्दीमा रिक्त रहेका पदहरुको पदपुर्तिको प्रकृया अगाडि बढाइ सेवा प्रवाहलाई प्रभावकारी गराइनेछ ।

८३. सेवा प्रवाहमा आधुनिक प्रबिधिको प्रयोग गरिनेछ ।

**गाउँसभा सदस्यज्यूहरु** ,

**सडक**

८४. यातायात पुर्वाधार गुरु योजना अनुसार बर्गीकृत भएका जिल्लाका मुख्य सडकको रुपमा मान्यता प्राप्त हेलु अर्जुनचौपारी सडकको कालोपत्र गर्नका लागि संघ सरकार र प्रदेश सरकार सँग समन्वय गरेर कार्यान्वयन भईरहेछ । गाउँपालिकाको सवै वडा केन्द्रहरुलाइ गाउँपालिका केन्द्र संग आवद्ध हुने गरि सडक निर्माणको कार्यलाइ प्राथमिकता दिईनेछ, जस्मा अर्जुनचौपारी गाउँपालिकाको सदरमुकाम देखि वडा नं. २,३, ४, ५ र ६ को ग्रामीण सडक बाह्रै महिना चल्न सक्ने गरी अल वेदर बनाउन प्रदेश तथा संघीय सरकार सँग समन्वय गरीनेछ ।

८५. सडक मापदण्ड मिचेर निर्माणाधिन संरचनाहरुलाई कानुनि दायरामा ल्याइनेछ ।

८६. सडक संवेदनशिल विषय हो यद्धपी सडकले समस्या उठान होइन समस्या समाधान गर्दछ भन्ने मान्यता अनुरुप अनावश्यक र कम

प्रभावकारी बढी भु-क्षय हुने खालका सडक खन्न निरुत्साहित गरिने विगतको नीतिलाई निरन्तरता दिईनेछ ।

८७. सडक दुर्घटनामा कमी ल्याउन र सवारी साधनमा नियमितता ल्याउन अर्जुन चौपारी बृहद् चक्रपथ र वडा सडकमा ट्राफिक सकेतहरु आवश्यक स्थानहरुमा राख्ने र क्षमता भन्दा बढी यात्रु राखी सवारी चलाउने तथा मादक पदार्थको प्रयोग बाट हुने दुर्घटनामा कमि ल्याउन सुरक्षा संयन्त्रको समनवयमा आबश्यक कारबाही गर्ने निती अवलम्बन गरिने छ ।

८८. अर्जुनचौपारी गाउँपालिकाको सदरमुकाम देखि सवै वडालाई छुने गरी अर्जुनचौपारी चक्रपथ निर्माण अन्तर्गत लामडाँडा-टाउँघडेरी जोड्ने सडक निर्माणका लागि प्रदेश तथा संघीय सरकारसँग आवश्यक पहल गरिनेछ अर्जुनचौपारी-राम्चे-तालपोखरी सडक, अर्जुनचौपारी-तमाखुबारी, अर्जुनचौपारी-नुवारभञ्ज्याङ् सडक तथा अन्य महत्वपूर्ण सडकलाई पनि प्राथमिकता साथ पहल गरिनेछ ।

८९. तिनपाङ्ग्रे टेम्पो रिक्साहरुलाई रुट प्रमिट प्रदान गरि कानुनी दायरामा ल्याइनेछ ।

**सार्वजनिक निर्माण**

९०. "दीगो बिकासको आड सार्वजनिक निर्माण" भन्ने मुल नाराका साथ गाउँपालिकाको प्रशासकीय भवनको निर्माणको लागि संघ र प्रदेश सरकार सँग साझेदारी गरी आगामी आ.व.मा भवन निर्माणको कार्य सम्पन्न गरिनेछ । त्यस्तै गरी गाउँपालिकाको वडा कार्यालय भवनहरु पनि क्रमश मापदण्ड बमोजिम निर्माण सम्पन्न गरिने छ ।

९१. गाउँपालिकाबाट नक्सापास नगरी भौतिक संरचना तथा घर निर्माण गर्ने र स्वीकृत मापदण्ड विपरित निर्माण कार्य गरिएका संरचनालाई विशेष व्यवस्थासहित कानूनी दायरामा ल्याइ त्यस्ता कार्य गर्नेलाई निरुत्साहित

गरिनेछ । गाउँपालिकाले तोकेको सडकको अधिकार क्षेत्रभित्र बनेका संरचना जुनसुकै वखत हटाईनेछ ।

९२. सडक मापदण्ड,खोलाको मापदण्ड मिचेर बनिसकेका घर तथा संरचनाहरु डवल दस्तुर लिइ अभिलेखिकरण गरिनेछ ।

## आवास तथा पुर्ननिर्माण एकिकृत वस्ति विकास

९३. गाउँपालिकामा भुमिहिन घरबार बिहिनहरुका लागि ब्यबस्थित बसोबासको ब्यबस्था मिलाउन जनता आवास कार्यक्रम, ब्यबस्थीत बसोबास कार्यक्रमहरु संघ र प्रदेश सरकार सँगको समन्वयमा बसोबासका कार्यक्रमहरु अगाडी बढाइने छ ।

९४. भूकम्प पिडितहरुको लागि मापदण्ड बमोजिम निर्माणाधिन घरहरुको समयमा किस्ता माग गरी भुक्तानी दिने, प्राविधिक आउनु भन्दा अगाडी निर्माण गरिएका घरहरुको बारेमा प्राधिकरण सँग समन्वय गरी रकम उपलव्ध गराउन पहल गरिनेछ ।

## उर्जा

९५. यस गाँउपालिकालाई उज्यालो गाऊँपालिका वनाउनका लागी बिद्युत सेवा थप प्रभावकारी बनाउन प्राथमिकताका साथ अगाडी बढाइ विजुली वत्ति विस्तार गरिनेछ । गाउँपालिका भित्रका बिजुलीको काठका पोललाई विस्थापीत गरी स्टिलको पोल राखिनेछ ।

९६. गाउँपालिकाका अधिकांश वस्तीहरुमा थ्रिफेज लाईन बिस्तार गरी बिद्यूत सेवाका माध्यमवाट स्थानिय उद्यमको समेत प्रर्वद्धन गरिनेछ ।

९७. बिद्यूत सेवालाइ भरपर्दो बनाउन आवश्यक पहल गरिनेछ ।

## उद्योग

९८. "**विकासको संभावना उद्योगको स्थापना**" भन्ने नाराका साथ केन्द्रबाट हस्तान्तरण हुने रकमबाट मात्र यस पालिकाको सम्पूर्ण विकास निर्माणका कार्य सम्पन्न गर्न असम्भव भएकोले संविधानको अनुसूचि ८ को अधिनमा रहि स्थानीय तहमा संचालित ठूला तथा साना उद्योग तथा व्यवसायलाई कानूनी दायरामा ल्याउन  न्यून करको माध्यमबाट करको दायरा फराकिलो वनाई आन्तरिक आय संकलन गरिने छ ।

९९. प्रदेश सरकार तथा संघीय सरकारसँग साझेदारी गरी छयालिस बगर फाँटको सरकारी जग्गामा प्रचलित कानून बमोजिम औधोगिकग्राम स्थापना तथा सन्चालन कार्यलाई तीव्रता दिईनेछ ।

१००. उद्योग वाणिज्य तथा व्यवसाय प्रशासन सँग सरोकार हुने पक्षहरुको क्षमता अभिवृद्धि तथा सशक्तिकरण गरी साना तथा मझौला उद्योगहरुको विकास तथा विस्तार गरिनेछ ।

## पर्यटन

१०१. "मनमोहक वातावरण हर्षीत मन सुरक्षीत पर्यटन " भन्ने मुल नाराका साथ प्राकृतिक रुपले रमणीय स्थानमा रहेको अर्जुनचौपारी गाउँपालिका ऐतिहासिक, धार्मिक, सास्कृतिक धरोहरहरुको रुपमा रहेका यस क्षेत्रका पौराणिक मठ मन्दिर देवलहरुको संरक्षणको नीति लिईनेछ ।

१०२. अर्जुनचौपारी जिरोकिलो हुँदै लामडाँडा, तामुलेख, एकानन्द गुफा, बयाले, डहरेदेउराली, थाप्लेलेक सम्म पदमार्ग निर्माण गर्न संघ तथा प्रदेश सरकार सँग समन्वय गरिनेछ ।

१०३. प्रसिद्ध डहरे देउराली, थाप्ले लेक, तामुलेक, एकानन्द गुफा शिला लगायतका क्षेत्रहरुलाई पर्यटकीय क्षेत्र घोषणा गरी पर्यटकमैत्री संरचना निर्माण गरिनेछ । त्यस्तै रापाकोट कालिका मन्दिर, गुप्तेश्वर गुफा मन्दिर,

पञ्चकन्या मन्दिर, जलबराह मन्दिरलाई प्रमुख धार्मिक क्षेत्रको रुपमा विकास गरिदै लगीनेछ ।

१०४. प्रकृति, संस्कृति साहसीक पर्यटन समेट्ने गरी पर्यटकीय क्षेत्रको एकिकृत विकास गर्न गुरु योजना लागू गरिनेछ ।

१०५. गाउँपालिकाको पर्यटकीय क्षेत्रको विकास, विस्तार र बजारीकरण गर्न पर्यटन सँग सरोकार राख्ने निकायहरु सँग समन्वय र साझेदारी गरिनेछ । आगामी बर्ष गाउँपालिका भित्रका सम्भावित वडाहरुमा होमस्टेको संख्या बढाउन पहल गरिनेछ ।

१०६. गाउँपालिका अन्तरगत प्रत्येक वडामा १/१ जना सासु ,ससुराको उचित हेरचाह गर्ने बुहारीलाइ उचित पुरस्कारको व्यवस्था गरिनेछ ।

**गाउँसभा सदस्यज्यूहरु,**

**समावेशीकरण**

१०७. "**विकासको महत्वपूर्ण चरण,हरेक क्षेत्रमा समाबेशीकरण** "मुल नाराका साथ एकल महिलाहरुका लागि एकल महिला संग अर्जुनचौपारी सरकार कार्यक्रम अन्तर्गत उनीहरुको आय आर्जनका लागि बिषेश कार्यक्रम अवलम्वन गरिने छ ।

१०८. महिलाहरुको नेतृत्व र निर्णायक भुमिका स्थापित गर्न सामुदायिक विकासका कार्यहरुमा समान सहभागिताको लागि उपयुक्त वातावरण प्रदान गरिनेछ ।

१०९. महिलालाई सिप र रोजगारी मा समान अवसर उपलब्ध गराई समान कामको समान ज्यालाको सुनिश्चतता गरिनेछ ।

११०. महिला, दलित, आदीबासी जनजाती, लोपोन्मुख तथा सिमान्तकृत वर्गको क्षमता अभिवृद्धि र सशक्तिकरणका कार्यक्रमहरु लागू गरिनेछ । परम्परागत पेशाहरुको बैज्ञानिकीकरण गर्दै आय आर्जनतर्फ उन्मुख गर्ने

कार्यक्रम लागू गरिने छ । जातीय भेदभाव कसुर सजायँ ऐनलाई प्रभावकारी कार्यान्वयन गर्न पालिकाबाट विशेष व्यवस्था गरिने छ । हरेक वडामा दलितहरुको सामुहिक आय आर्जनको कार्यक्रममा जोड दिदै दलित तथा सिमान्तकृत वाल वालिकाको शिक्षाको ग्यारेन्टी गरिने छ ।

**बालवालिका युवा तथा खेलकुद**

१११. "**भविष्यका सार,राज्यका कर्णधार** "भन्ने नाराका साथ हरेक वडामा एक-एक वटा बहुउदेश्यीय खेलमैदानको निर्माण गर्न पहल गर्ने, वालवालिका तथा युवाहरुलाई विभिन्न विधाको खेलकूदमा आकर्षण गर्ने नीति लईएको छ । संघ तथा प्रदेश सरकारसँग साझेदारी गरेर सदरमुकाममा आधुनिक कर्भडहल सहितको खेलमैदान निर्माण गर्न पहल गरिनेछ ।

११२. आगामी बर्ष पनि परिमार्जन सहित खेलकूदका प्रतियोगिताको विधाहरु थपेर खेलकूद विकास कोषबाट आवश्यकता अनुसारका खेल खेलाईनेछ ।

११३. "सकारात्मक सोच र उर्जाशिल युवा हाम्रो चाहना कुलत रहित स्वस्थ युवा अर्जुनचौपारीको गहना" भन्ने नाराका साथ कुलतमा परेका युवाहरुका लागि बिशेष कार्यक्रम संचालन गरी युवाहरुलाई सीपमूलक तालिम सञ्चालन गरी सीप अनुसारको रोजगारीको व्यवस्था गर्न पहल गरिनेछ ।

११४. प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत बेरोजगारहरुको रोजगार सेवा केन्द्रमा अभिलेख राखी आवश्यकता अनुसार गाउँपालिकाका योजना, निर्माण व्यवसायिहरु सँगका योजनामा रोजगार प्रदान गर्न पहल गरिनेछ ।

११५. बालबालीका शान्ती क्षेत्र लाइ मुर्त रुप दिन सबै बिद्यालयहरुमा आचार संहिता निर्माण गरि राजनैतिक कार्यक्रमहरुमा पूर्ण प्रतिबन्ध लगाउन आवश्यक व्यवस्था मिलाईनेछ ।

११६. बाल यौन शोषण, बाल हिंसा र बालश्रम निवारण तथा दृष्टी विहिन तथा अपाङ्गता भएका वालवालिकाको लागि विशेष कार्यक्रम लागू गरिने छ ।

११७. सहिद वेपत्ताका छोरा छारीहरु वावा आमा गुमाएका टुहुरा वालवालिकाहरु संरक्षरण गर्दै उनीहरुलाई विद्यालय सम्म ल्याउने टिकाउने पढाउने र सिकाउने नीति सँगै उनीहरुको पालन पोषणको उचित प्रवन्ध मिलाउन आवश्यक पहल गरिनेछ ।

११८. विद्यालय तथा वडा स्तरमा वाल क्लवहरु गठन गरि पालिकास्तरीय वाल संजाल निर्माण गर्ने नीति रहेकोछ ।

११९. अर्जुनचौपारी गाउँपालिकालाइ वालविबाह मुक्त गाउँपालिका बनाउन विशेष पहल गरिनेछ ।

## सार्बजनिक निजी साझेदारी कार्यक्रम

१२०. सरकारी तथा निजी क्षेत्रको सहभागितामा भौतिक पूर्वाधारको विकास गर्न सार्वजनिक-निजी साझेदारीको अवधारणलाई प्रोत्साहित गरिनेछ ।

१२१. साना पूर्वाधार निर्माणका लागि प्रोत्साहान गर्न गैर सरकारी क्षेत्र वा अन्य क्षेत्रवाट समेत लगानी गरेमा समपुरक कोषबाट केहि रकम गाउँपालिकाले व्यहोर्ने गरी साझेदारी कार्यक्रम अगाडी वढाईने छ ।

१२२. सरकारी, गैरसरकारी संघ-संस्था तथा सहकारीहरु संग सहकार्य गरिनेछ । तर गैरसरकारी संघ-संस्थाहरुको कार्यक्रम बजेटका आधारमा अनुमति दिने नदिने निति लिइनेछ ।

## वन वातावरण जैविक विविधता

१२३. "जैबिक विविधता संरक्षणको आवश्यकता "भन्ने नाराका साथ छाडा चरिचरन रोकौं पुण्यकर्मका लागि रुख रोपौं भन्ने मन्त्रका साथ छाडा चरिचरन रोक्न अभियान सञ्चालन गरि आउने नयाँ पुस्तालाई जैबिक विविधता संरक्षणको आवश्यकता सुख एक व्यक्ति एक रुख जीवनमा शुख भन्ने नारालाई सार्थक पार्न वृक्षरोपण अभियान सञ्चालन गर्न उत्साहित गरिनेछ ।

१२४. गाउँपालिका भित्र सञ्चालनमा रहेका सबै कच्ची तथा धुले सडकहरु का किनारामा वृक्षारोपण गरि हरित सडक निर्माणको नीति अपनाईनेछ ।

१२५. उर्जाको मुख्य स्रोतका रुपमा प्रयोग भएको दाउरा माथिको निर्भरतालाई कम गर्न वायोग्यास सौर्य उर्जा जस्ता प्रविधिहरुमा लगानी विस्तार गर्न सम्वन्धीत पक्षसँग समन्वय तथा सहकार्य गरिनेछ ।

१२६. प्राविधिक जनशक्तिको परिक्षण विना खनिने सडकहरु र तिनवाट सृजना हुने प्राकृतिक विपत्ति मा न्युनीकरण गर्न अन्धाधुन्ध सडक खन्ने प्रवृतिलाई निरुत्साहित गरिने छ ।

१२७. वन क्षेत्रको सदुपयोग गरी समुदायको दिगो आम्दानीको श्रोतको विकास गर्न आफ्नै निजी खाली रहेका जग्गाहरुमा उपयुक्त भौगोलिक वातावरण अनुकुल हुने गरी रिठा, अमला, अलैची, अम्रीसो, बास, निगालो लगायत अन्य जडीबुटी, गैरकाष्ठ वन पैदावारहरुको खेती विस्तार गरिनेछ । यसका लागि यसै वर्ष सम्भाव्यता अध्ययनका लागि पहल गरिनेछ ।

## सूचना प्रविधि

१२८. "२१औं शताब्दीको निति सुचना प्रविधि " भन्ने मुल नाराका साथ सेवा प्रवाहलाई प्रभावकारी रुपमा संचालन गर्नका लागि गाउँपालिका र अन्तर्गतका वडा कार्यालयहरुको इन्टरनेट सेवालाइ थप प्रभावकारी बनाइनेछ । साथै खर्चलाई व्यवस्थित गर्न लेखा सम्वन्धी सफ्ट्वयरको प्रयोग गरी केन्दीय लेखा प्रणालिमा आवद्ध गरिने छ । योजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा प्रतिवेदनलाई व्यवस्थित गर्न Online योजना सफ्टवयरलाई आगामी बर्ष थप प्रभावकारी बनाइनेछ ।

१२९. सञ्चारक्षेत्रमा क्रियाशील सार्वजनिक संघ-संस्थाहरुको संरचनागत एवं व्यवस्थापकीय सुधारमा सहकार्य गरिनेछ । जनतासंग प्रत्यक्ष सरोकार राख्ने, विकास र सम्बृद्धिमा टेवा पुर्याउने खालका कार्यक्रम उत्पादन प्रसारण गर्न जोड दिईनेछ ।

१३०. सूचना सम्प्रेषणलाई विश्वसनीय र मर्यादित बनाउन संचार संस्था तथा संचारकर्मीहरुसंग सहकार्य गरिनेछ ।

१३१. सामुदायिक विद्यालयहरुमा टेलिफोन, ईन्टरनेटको क्रमिक रुपमा विस्तार तथा थप प्रभावकारी गराइनेछ ।

## राजश्व प्रशासन

१३२. गाउँपालिकाले हाल लिदै आएको कर, राजस्व, शुल्क आदिलाई थप व्यवस्थित र नियमन गरिनेछ । "हाम्रो गाउँपालिका हाम्रो कर, समृद्ध बनाउने हाम्रै रहर " भन्ने नारालाई साकार पार्न राजश्वको आन्तरीक श्रोतको दायरालाई फराकिलो बनाईनेछ । एकल कर प्रशासनको माध्यबाट व्यवसाय कर, सम्पति कर र बहाल विटौरी करलाई करको दायरामा ल्याईनेछ । टोलटोलमा करमैत्री प्रशासनको अभियान सञ्चालन गरिनेछ ।

## न्यायिक समिति

१३३. "न्यायको सान सबै समान "भन्ने मुल नाराका साथ विवाद समाधानको लागि मेलमिलाप तथा मध्यस्थता सेवालाई न्यायिक समिति मार्फत थप प्रभावकारी बनाईनेछ । हरेक वडामा मेलमिलाप मार्फत विवाद समाधान गर्न मेलमिलाप केन्द्र स्थापना गरिनेछ ।

## रोजगार

१३४. "**जिवनको आधार सुरक्षित रोजगार**" भन्ने नारका साथ सबै नागरिकलाई रोजगारी सुनिश्चित गर्न सहकारी, निजि, सरकारी तथा गैर सहकारी क्षेत्र सँग समन्वय र सहकार्यमा रोजगारीको अवसर सिर्जना गरिनेछ ।

१३५. स्थानीय तहको रोजगार सेवा केन्द्रमा सूचिकृत भएका बेरोजगारहरुलाई यूवा रोजगारीका लागि रुपान्तरण पहल आयोजनाहरु तथा कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजनाहरु सञ्चालन गरी न्यूनतम रोजगारीको प्रत्याभूती गराइनेछ।

१३६. श्रम बाजारमा प्रवेश गर्ने युवा, बैदेशिक रोजगारीबाट फर्किएका तथा स्वदेशमा रोजगार गुमाएका र स्थानीय तहको रोजगार सेवा केन्द्रमा सूचिकृत भएका बेरोजगारहरुलाई क्षमता अभिबृद्धि गर्न हस्तकाला, प्लम्बिङ, बिजुली मर्मत ,सिकर्मी, ढकर्मी जस्ता सीप बिकास तालिम प्रदान गरिनेछ ।

१३७. गाउँसभाबाट बजेट बिना पारित हुने योजनाहरु मन्त्रालयको मार्ग निर्देशन वडागत रुपमा सुचिकृत वेरोजगारहरुलाई न्यूनतम १०० दिन रोजगार दिनुपर्ने व्यवस्थाका आधारमा शिर्षकगत रुपमा योजनाअनुसार बजेट कायम गर्दै योजना संचालन गरिनेछ ।

१३८. यस पालिका भित्र बसोबास गर्ने अति विपन्न परिवारहरुको पहिचान गरी न्यूनतम आवश्यकता बाट बञ्चित नहोउन भन्ने उद्देश्यले आन्तरिक रोजगारी वा स्वरोजगारीमा संलग्न गराउने कार्य गरिनेछ ।

अन्त्यमा, यी नीति तथा कार्यक्रमको कार्यान्वनयबाट "समृद्ध अर्जुनचौपारी, सुखी अर्जुनचौपारीवासी "को गन्तव्यमा पुगी समृद्ध नेपाल,सुखी नेपालीको राष्ट्रिय आकांक्षा पूरा गर्न हाम्रो सरकारका प्रत्येक कार्यहरुको केन्द्रविन्दु आम नागरिक हुनेछन । सबैलाई समान अवसर, समान अधिकार, उत्तिकै सुरक्षा, उत्तिकै सम्मानको प्रत्याभूति गरिनेछ ।

प्रस्तुत नीति तथा कार्यक्रम प्रभावकारी कार्यान्वयनको लागि सवैको सहकार्य र स्वामित्व अपरिहार्य छ । यसको सफल कार्यान्वयनका लागि सम्पूर्ण सरकारी निकाय, राजनीतिक दलहरु, संघ संस्थाहरु, निजी तथा सहकारी क्षेत्र लगायत सवैको सद्भाव, र सहयोग हुनेमा विश्वस्त छु । साथै महामारीको रुपमा फैलिएको कोरोना भाइरस संक्रमणको अवस्थामा विभिन्न तवरबाट सहयोग पुर्याउनु हुने महानुभाव, राजनैतिक दल, संघसंस्था, स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, राष्ट्रसेवक कर्मचारीहरु, जनप्रतिनिधीहरु एवं नागरिक समाजप्रति पुनःधन्यवाद प्रकट गर्दै आगामी दिनहरुमा यस गाउँपालिकामा कोभिड १९ बाट बच्नका लागि अनुशासनको पालना गरी सवै सर्तक र सर्तकता अपनाउन पुनः ध्यानाकषर्ण गर्न चाहन्छु । गरिमामय यस गाउँसभाबाट रचनात्मक सुझाबको अपेक्षा सहित बिदा हुन्छु ।

धन्यवाद

जय अर्जुनचौपारी गाउँपालिका

दीर्घनारायण अर्याल

गाउँपालिका अध्यक्ष